दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



हाम्रो पहिचानमा हाम्रो गौरव

- नेपाली भाषा र संस्कृतिलाई आत्मसाथ गरौं,
- परम्परा, चाडपर्व, लोककला जोगाऔं,
- मौलिक संस्कृतिमा गर्व गरौं,
- नक्कल होइन मौलिकता अपनाऔं,
- विविधतामा एकता कायम गरौं,
- राष्ट्रको पहिचानलाई सम्मान गरौं।

'हाम्रो पहिचान, हाम्रो स्वाभिमान'

नेपाल सरकार विज्ञापन बोर्ड



वर्ष ३७ | अंक १७० | बुटवल | २०८२ असार ०२, गते सोमबार | नेपाल संवत ११४५ | Monday June.16, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini


# लुम्बिनीको बजेट ३८ अर्ब ९१ करोड

**लुम्बिनी संवाददाता**

*दाङ*

लुम्बिनी प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८२/०८३ का लागि ३८ अर्ब ९१ करोड रुपैयाँको बजेट सार्वजनिक गरेको छ। जसमध्ये चालुतर्फ १२ अर्ब १ करोड ४७ लाख ८६ हजार अर्थात् ३० दशमलव ८८ प्रतिशत र पुँजीगततर्फ २३ अर्ब ४७ करोड १४ लाख ६५ हजार अर्थात् ६० दशमलव ३२ प्रतिशत विनियोजित छ।

आइतबार लुम्बिनी प्रदेशसभाको छैठौं अधिवेशनको तेह्रौं बैठकमा आर्थिक मामिला तथा योजना मन्त्री धनेन्द्र कार्कीले बजेट प्रस्तुत गर्नु भएको हो। वित्तीय हस्तान्तरणका लागि ३ अर्ब ४२ करोड ३७ लाख ४९ हजार अर्थात्८ दशमलव ८० प्रतिशत अनुमान गरिएको छ।

लुम्बिनी प्रदेश सरकारले समृद्ध लुम्बिनीः खुसी नागरिकको दिर्घकालिन आकांक्षा हासिल गर्ने संकल्प गरेको छ। जसअन्तरगत कृषिमा उत्पादन र उत्पादकत्व वृद्धि, गुणस्तरीय शिक्षा र स्वाथ्य सेवामा पहुँच, उद्यमशिलता विकास, दिगो पूर्वाधार विकास, सामाजिक न्याय सहितको समावेशी विकास र उत्पादनशील रोजगारी सृजना गर्दै आर्थिक असमानता र गरिबी न्यूनीकरणमा सहयोग पुग्नेगरी बजेटले प्राथमिकतामा राखेको छ।

उच्च र दिगो आर्थिक वृद्धि हाँसिल गर्न गरिबी न्यूनीकरण तथा आर्थिक असानता घटाउनेगरी बजेट तथा कार्यक्रमलाई केन्द्रित गरिएको जनाइएको छ।

१० वर्षमा पूर्ण प्रांगारिक प्रदेश

बजेटमा कृषि क्षेत्रको आधुनिकीकरण र व्यवसायीकरण गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने विषयले उच्च प्राथमिकता पाएको छ। पोषणयुक्त खाद्य वस्तुको उत्पादन र उपभोग प्रवर्धन गर्ने लक्ष्य बजेटले लिएको छ।

कृषि उत्पादनलाई पूर्ण प्राङ्गारिक उत्पादनमा रुपान्तरण गरी आगामी एक दशकमा लुम्बिनी प्रदेशलाई पूर्ण प्राङ्गारिक प्रदेश बनाउने अभियान अन्तर्गत पहिलो चरणमा रुकुम (पूर्व), रोल्पा, प्यूठान, गुल्मी, अर्घाखाँची र पाल्पा जिल्लाबाट विशेष अभियान सुरु गर्न दुई करोड बजेट विनियोजन गरिएको छ।

बर्दिया जिल्लामा घिउपुरी; दाङ जिल्लामा तिलकी र अनदि, कपिलवस्तु जिल्लामा कालानमक, गुल्मी जिल्लामा हंशराज समेतका धानबाली एवम् रुकुम (पूर्व) र रोल्पामा चिनो र कागुनो, प्युठान, रोल्पा, अर्घाखाँची र गुल्मीमा कोदो र फापर, दाङ र बर्दिया जिल्लामा थारू आलु, प्यूठान जिल्लामा रातोमुला जस्ता रैथाने बालीको संरक्षण, सूचीकरण र प्रवर्धन गर्ने कार्यका लागि बजेट विनियोजन गरिएको छ।

हुलाकी मार्ग लक्षित मासु र दुग्धजन्य उत्पादन वृद्धि गर्न भैंसीपालन प्रवर्धन कार्यक्रम, घरदैलोमा प्राविधिक सेवा, व्यावसायिक कृषिजन्य उत्पादनमा टेवा भन्ने मान्यतालाई आत्मसात् गर्दै कम्तीमा १ हजार ५ सयव्यावसायिक कृषकको फर्ममै पुगी घुम्ती सेवा, पशु स्वास्थ्य सेवा, प्राविधिक परामर्श तथा उपचार विशेषज्ञ सेवा उपलब्ध गराउन १ करोड १७ लाख विनियोजन गरिएको छ।

बाली वस्तु विशेष सघन उत्पादन क्षेत्र विकास कार्यक्रमअन्तर्गत रुपन्देही, कपिवस्तु र दाङ जिल्लाको ११० हेक्टरमा तोरी र कपिवस्तु जिल्लाको १५० हेक्टरमा धान खेती प्रवर्धनका लागिबजेट विनियोजन गरिएको छ।

**जेन् जी पुस्ता प्राथमिकतामा**

स्वदेशमा नै रोजगारी सिर्जना गर्न उद्यमशीलता विकास, विशेष सीपमूलक तालिम तथा स्वरोजगारका कार्यक्रमहरू सञ्चालन गर्ने व्यवस्था मिलाइएको छ। स्टार्ट-अप ईको सिस्टमलाई संस्थागत गर्दै नवप्रवर्तन सहितको पुँजीमा पहुँच र उद्यमशीलता प्रवर्धनमा जोड दिइएको हो। साथै, जेन् जी पुस्ता केन्द्रित उद्यमशीलता प्रवर्धन कार्यक्रम सञ्चालन गर्नका लागि बजेटले सम्वोधन गरिएको छ। युवाहरूलाई रोजगारीको अवसर दिलाउन तथा स्वरोजगार बनाउन परीक्षण सहितको सीप विकास र प्रविधि हस्तान्तरण कार्यक्रम सञ्चालन गर्न रु. ४ करोड ६५ लाख विनियोजन गरिएको छ।

"क्रेता र बिक्रेताको सम्बन्धको आधार; उचित मूल्य, गुणस्तरीय वस्तु, विश्वासको व्यापार"भन्ने अभिप्रायका साथ उद्योगी व्यवसायीकोसम्मान र उपभोक्ता अधिकारको संरक्षण गर्दै सचेतनामूलक कार्यक्रम सञ्चालन गर्न बजेटले प्राथमिकता दिइएको छ। उपभोग्य वस्तुको सहज र सरल आपूर्तिको लागि लुम्बिनी प्रदेशको एक मात्र हिमाली जिल्ला रुकुम (पूर्व)मा सुपथ मूल्य पसल सञ्चालन गर्न बजेट व्यवस्था मिलाइएको छ। स्थानीय घरेलु मदिराको उत्पादन, ब्राण्डिङ, बजारीकरण तथा बिक्रीका लागि कानुनी प्रबन्ध मिलाइएको छ।

**पर्यटन प्रवर्धन तथा सम्पदा संरक्षण**

बाँकेको बागेश्वरी, दाङको छिल्लीकोट, बर्दियाको ठाकुरबाबा, प्युठानको स्वर्गद्वारी, अर्घाखाँचीको पाणिनी र सुपादेउराली, गुल्मीकोरुरु(रेसुङ्गा, पाल्पाको रानी महल, रुपन्देहीको जितगढी तथा नुवाकोटगढी, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) को बाबा बर्दगोरिया र पाल्ही भगवती, रोल्पाको जलजला, कपिलवस्तुको जगदीशपुर ताल एवम् शिवगढी तथा रुकुम (पूर्वी भाग) को मैकोट लगायतका महत्त्वपूर्ण धार्मिक, ऐतिहासिक तथा प्राकृतिक स्थलको संरक्षण गरी पर्यटन प्रवर्धन गर्न बजेटले सम्वोधन गरिएको छ। प्रदेशभित्रका सबै जातजाति, भाषाभाषी, धर्मावलम्बी एवम् सम्प्रदायको मौलिक सँस्कृतिको संरक्षण तथा प्रवर्धन गरी साँस्कृतिकग्रामको रूपमा विकास गरिने, रु रु क्षेत्रको पर्यटन प्रवर्धन तथा विकासका लागि गुरुयोजना बमोजिमका कार्यक्रम कार्यान्वयन गर्दै लगिने, शालग्राम र कालीगण्डकी नदीको महिमालाई प्रवर्धन गर्न उत्तर गण्डकी महास्नान तथा मेला आयोजना गर्ने कार्यमा सहयोग पुऱ्याउनेगरी बजेटमा प्राथमिकतामा राखिएको छ। गौतम बुद्धको जन्मस्थल लुम्बिनीमा प्रदेश सरकारको अपनत्व एवम् सहभागिता बढाउन तथा अन्तर्राष्ट्रियस्तरमा यसको प्रवर्धन गर्न लुम्बिनी विकास कोष, सम्बन्धित स्थानीय तह र अन्य सरोकारवाला निकायहरुसँग सहकार्य र समन्वय गरी लुम्बिनी विकास प्राधिकरणको गठन प्रक्रिया अगाडि बढाइने उल्लेख छ। 'लुम्बिनीमा पाइला टेक' भन्ने नारालाई सफल बनाउन लुम्बिनी बौद्ध अन्तर्राष्ट्रिय शिखर सम्मेलन आयोजना गर्न बजेट समेत छुट्याइएको छ।

मध्यपहाडी लोकमार्गको प्रमुखस्थल रुकुमकोटलाई हिमालयन पर्यटन हबको प्रस्थान विन्दुको रुपमाविकास गरी रन्मामैकोट(सुनदह(पुथा बेसक्याम्प, गुप्तदह(सिस्नेगाँउ(सिस्ने हिमाल बेसक्याम्प र पातिहाल्ने(चौरीलेक पदमार्ग निर्माण तथा सञ्चालन गर्ने व्यवस्था मिलाइएको छ। रोल्पाको थवाङ(जलजला पर्यटकीय पदमार्गको स्तरोन्नति, कोईलाबास(धारापानी(स्वर्गद्वारी तीर्थमार्ग निर्माण गरी सञ्चालनमा ल्याउने, पर्यटकीय क्षेत्रको पूर्वाधार निर्माण र विकासमा सार्वजनिक लगानी अभिवृद्धि गर्दै निजी क्षेत्रको सहकार्यमा'तराईमा रमाउने, पहाडमा घुमाउने र हिमाल चढाउने' कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइएको छ।

**यातायात सेवा**

'मोबाइल हातमाः यातायात सेवा साथमा' भन्ने नारालाई सार्थक बनाउने गरी सवारी धनी एवम् चालकका लागि दिनुपर्ने सूचना र सवारी साधनको विवरण अनलाइन पद्धतिबाट प्राप्त हुने व्यवस्था मिलाउने भएको छ। यातायात सेवाका सबै अभिलेखलाई विद्युतीय प्रणालीमा रूपान्तरण गर्दै जाने, प्रदेश यातायात कार्यालयहरूबाट समेत सवारी चालक अनुमति पत्र छपाइ गर्ने व्यवस्था मिलाउन१ करोड ५० लाख विनियोजन गरिएको छ।

**श्रम तथा रोजगार**

'प्रदेश समृद्धिमा नागरिकको योगदान, महिनाको एक दिन श्रमदान'भन्ने उक्तिलाई आत्मसात गर्दै श्रमको सम्मान गर्ने सँस्कृति विकासका लागिकार्यक्रम सञ्चालन गर्न आवश्यक रकम विनियोजन गरिएको छ। वैदेशिक रोजगारीबाट फर्केका युवाहरूको सीप परीक्षण गरी स्वरोजगार बन्न प्रोत्साहनका कार्यक्रमलाई निरन्तरता दिइएको छ भने वैदेशिक रोजगारी सम्बन्धी सूचनाप्रवाह, न्यायमा पहुँच तथा वित्तीय साक्षरता प्रदान गर्दै सहजकर्ता तथा आप्रवासी श्रमिकको क्षमता अभिवृद्धि गर्न २ करोड बजेठ विनियोजन गरिएको छ। उद्योग, पर्यटन तथा यातायात मन्त्रालयको लागि रु.१ अर्ब ९० करोड विनियोजन गरिएको हो।



**मेरो विद्यालय मेरो दायित्व सबै विद्यालयमा**

गुणस्तरीय र आधारभूत शिक्षा प्राप्त गर्ने बालबालिकाको हक सुनिश्चित गर्न आवश्यक कार्यक्रम सञ्चालन गर्ने प्रबन्ध गरेको छुासीपमूलक र प्राविधिक शिक्षा विस्तार गरी रोजगारीका अवसर सिर्जना गरिने भएको छ। उच्च शिक्षालाई अनुसन्धानमूलक, नवप्रवर्तनमुखी र व्यावसायिक बनाउँदै लैजाने व्यवस्था मिलाइएको छ। शिक्षामा लक्षित वर्ग र समुदायको पहुँच बढाउन छात्रवृत्तिलगायतका प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गर्न ७ करोड ५० लाख विनियोजन गरिएको छ।'मेरो विद्यालय, मेरो दायित्वअभियानलाई सबै विद्यालयमा विस्तार गर्दै लैजाने, सामुदायिक विद्यालयको गुणस्तर सुधारका लागि शैक्षिक जागरण, प्रतिभा पहिचान, शिक्षकको पेशागत क्षमता विकास कार्यक्रम र सूचना प्रविधिको प्रयोगलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न .५ करोड विनियोजन गरिएको छ। प्रदेश गौरवको आयोजनाकोरूपमा रहेको लुम्बिनी प्राविधिक विश्वविद्यालयको भौतिक तथा अन्य संरचना विकास गरी प्राविधिक शिक्षाको उत्कृष्ट केन्द्रको रूपमा विकास गर्न ११ करोड छुट्याएको छ। राप्ती प्राविधिक शिक्षालयको भौतिक पूर्वाधार निर्माणका लागि ६ करोड विनियोजन गरिएको छ।

'लुम्बिनीका महिला, उद्यमशीलतामा पहिला' अभियानका लागि स्थानीय तहसँगको सहकार्यमा महिला उद्यमशीलता विकाससम्बन्धी विशेष कार्यक्रम सञ्चालन गरिने भएको छ। दाङको घोराहीमा लैङ्गिक हिंसापीडित र प्रभावितहरूका लागि प्रदेशस्तरीय पुर्नस्थापना केन्द्र निर्माण गर्न २ करोड विनियोजन गरिएको छ।

**भरपर्दो स्वास्थ्य सेवा**

आधारभूत र आकस्मिक स्वास्थ्य सेवालाई सुलभ र गुणस्तरीय बनाइने भएके छ। स्वास्थ्य संस्थामा अत्यावश्यक औषधि, उपकरण र जनशक्ति आपूर्तिको व्यवस्था मिलाइने, निःशुल्क वितरण गरिने औषधिका लागि ३ करोड र उपकरणका लागि १२ करोड बजेट विनियोजन गरिएको छ। उच्च मातृ तथा नवजात शिशु मृत्युदरलाई कम गर्न'सुरक्षित मातृत्व अभियान'अन्तर्गतनिःशुल्क पूर्व प्रसुतीदेखि उत्तर प्रसुतीसेवा प्याकेज, दुर्गम स्थानमा निःशुल्क हवाइ उद्धार सेवा कार्यक्रमका लागि १० करोड,'मानसिक स्वास्थ्यमा सुधार; स्वस्थ जीवनको आधार' भन्ने नाराका साथ बढ्दो मानसिक स्वास्थ्यको समस्या तथा आत्महत्या रोकथाम र उपचारको लागि नागरिक आरोग्य कार्यक्रम, जीवनशैली परिवर्तन, योग शिविर सञ्चालन र मनोसामाजिक परामर्श लगायतका कार्यक्रमकालागि २ करोड विनियोजन गरिएको छ। मुटुको भल्भ प्रत्यारोपण, मृगौला प्रत्यारोपण र क्यान्सर रोगको उपचारमा प्रति व्यक्ति दुई लाख रुपैयाँको सहुलियतलाई निरन्तरता दिइएको छ। यसको लागि १० करोड विनियोजन गरिएको छ। आँखाको नानीको निःशुल्क प्रत्यारोपण र डाईलाइसिस सेवा विस्तारका लागि बजेट विनियोजन गरिएको छ। राप्ती प्रादेशिक अस्पतालको क्षमता विकास गरीदुई सय शैयामा स्तरोन्नति गर्न ५ करोड विनियोजन गरिएको छ। प्रदेश राजधानी स्थितभालुवाङ अस्पतालमा विशेषज्ञ सेवा तथा चौबिसै घण्टा आकस्मिक सेवा सञ्चालन गर्न बजेटको व्यवस्था मिलाइएको छ। युवा तथाखेलकुद मन्त्रालयको लागि ३७ करोड विनियोजन गरिएको छ।

हिमाली र पहाडी जिल्लामा एक जिल्ला दुई मुख्य जडीबुटीअन्तर्गत पाल्पा र अर्घाखाँचीमा तेजपात रटिमुर, रुकुम (पूर्व)मा ओखर र टिमुर, रोल्पामा टिमुर र पाषणवेद, प्यूठानमा श्रीखण्ड रटिमुर तथा गुल्मीमा अगरउड र टिमुरको उत्पादन, प्रशोधन र बिस्तारका लागि १ करोड ६७ लाख विनियोजन गरिएको छ।

» *बाँकी ३ पेजमा*

# उत्खनन्मा धार्मिक तथा आवासीय भग्नावेशको संरचना भेटिए



देवदह । रुपन्देहीको देवदह नगरपालिका-९, बुद्धनगरमा रहेको खयरडाँडामा गरिएको उत्खनन्मा धार्मिक तथा आवासीय भग्नावेशको संरचना भेटिएको छ। उक्त संरचना करिव १४, १५ सय शताब्दी तिरको हुन सक्ने लुम्बिनी विकास कोष, पुरातत्व विभागका पुरातत्वविद् हिमाल उप्रेतीले जानकारी दिए।

देवदह नगरपालिका र लुम्बिनी विकास कोष पुरातत्व विभागको सहकार्यमा गरेको उत्खनन्मा धार्मिक प्रयोजनको लागि निर्माण गरिएको करिव १३ मिटर लम्बाइ र करिव ८ मिटर चौडाई भएको हलको भग्नावेश फेला परेको उप्रेतीले जनाए। यसैगरी आवासको १४ मिटर लम्बाइ र १०.५ मिटर चौडाई रहेको पनि उनले जानकारी दिए।

उत्खनन्को क्रममा दक्षिण-पश्चिमको २ वटा कोठा भएको २.७० मिटर चौडाई र ३ मिटर लम्बाई रहेको आवासीय भवनको भग्नावेश फेला परेको छ भने उत्तर साइडको वाल भने मिक्सिङ्ग भएको र उत्खनन्को क्रममा भेटिएका सामग्री पुरातत्व विभाग हुँदै अमेरिका, बेलायत परीक्षणको लागि पठाउने उनले जानकारी दिए। उप्रेतीका अनुसार खयरडाँडा क्षेत्रमा गत वर्ष गरिएको उत्खनन्मा इनार, दुईवटा पर्खाल, माटाका सामग्री फेला पारि परीक्षणको लागि पठाइएको हो। गत वर्षको उत्खनन्का क्रममा भेटिएका ऐतिहासिक इनारलाई संरक्षण गरी राखिएको उनले जानकारी दिए।

गत बैशाख २३ गतेदेखि नगरपालिकाको लगानीमा गरिएको उत्खनन्मा भवनको संरचनासहित विभिन्न माटो टायल समेत फेला परेको र उक्त सामग्री करिव १४-१५ सय शताब्दी तिरको हुन सक्ने अनुमान रहेको पुरातत्वविद् उप्रेतीको भनाइ रहेको छ।

उप्रेतीका अनुसार उत्खनन्को क्रममा भेटिएको वालको मोटाई ७० देखि १ मिटर सम्म रहेको छ।

देवदह नगरपालिकाले ऐतिहासिक तथा पुरातत्व क्षेत्रको उत्खनन्को लागि हरेक वर्ष बजेट विनियोजन गर्दै आइरहेको छ। भगवान गौतमबुद्धको मावली देवदह प्रमाणित गर्नको लागि बजेटको व्यवस्था गरिएको देवदह नगरपालिका प्रमुख धुव्रप्रसाद खरेलले जानकारी दिए।

देवदह क्षेत्रमा रहेको खयरडाँडा, पाकरी वृक्ष, भवानीपुर, कन्यामाई, बैरीमाईलगायतका क्षेत्रको संरक्षण, सम्वर्द्धन र उत्खनन् गरी देवदहलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्ने गरी नगरपालिका लागिरहेको नगरप्रमुख खरेलले बताए।

उत्खनन् गर्ने क्रममा भेटिएका संरचनालाई संरक्षण गर्दै बाहिरबाट हेर्न मिल्ने गरी व्यवस्थापन गरिने नगर प्रमुख खरेलले जानकारी दिए।




## सम्पादकीय

# अखिल नेतृत्वले जगाएको आशा

विद्यार्थी राजनीतिमा चिकित्सक, इञ्जिनियर र परिचारिका (नर्स) हरूको आकर्षण देखिनु मुलुकको समृद्धि र लोकतन्त्रको सवलीकरणका लागि आशालाग्दो विषय हो । नयाँ पुस्ता राजनीतिप्रति विकर्षण भइरहेको भन्ने सञ्चार प्रवाह भइरहेको बेला एमालेनिकट अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचनमा अध्यक्षमा डा. सुजन कडरियासहित तीन चिकित्सक निर्वाचित भए । त्यसैगरी, उपाध्यक्ष विकास श्रेष्ठसहित १३ इञ्जिनियर केन्द्रीय नेतृत्वमा निर्वाचित हुँदा मूलधारका राजनैतिक दलमा अब नयाँ पुस्ताले नयाँ दृष्टिकोणसहित हस्तक्षेत गर्दैछ भन्ने संकेत मिलेको छ ।

२०४६ सालको परिर्वतनपछि राजनीति र दलमा स्थापित नेतृत्वले अहिलेसम्म पार्टी र राजकीय सत्ता सम्हालिरहेको छ । लामो समयदेखि पार्टी र राजकीय सत्ता सम्हालेको पुस्ताप्रति क्रमशः आकर्षण घट्दो छ । राजनीतिमा नयाँ पुस्ताप्रति आकर्षण बढ्दो छ । यही आकर्षणकै कारण अनेरास्ववियूमा फरक पृष्ठभूमिका व्यक्तिहरु नेतृत्वमा आउनु विद्यार्थी राजनीति र अनेरास्ववियूका लागि राम्रो हो नै, मातृ पार्टी एमालेको सुन्दर भविष्यका लागि सकारात्मक मान्नुपर्छ । राजनीतिक दल विचारले निर्देशित हुन्छन् । विचारले निर्देशित दल अनुशासित र जिममेवार हुन्छन् । विचार नभएकाहरु अराजक हुन्छन् । मूलधारका दलसँग विचार छ, विचारलाई सही ढंगले निर्देशित नगर्ने र नागरिक आकांक्षा पूरा नगर्ने प्रवृत्तिले राजनीतिप्रति नागरिक निराश भएका हुन् । तर अनेरास्ववियूमा निर्वाचित नेतृत्वले परम्परागत ढंगले विद्यार्थी राजनीति नचल्ने त्यसका लागि फरक ढंगले जाने उद्घोष गरिसकेको छ । राजनैतिक दलका लागि युवा विद्यार्थीको संगठन नेतृत्व उत्पादनका कारखाना हुन् । अहिलेको अखिलको नेतृत्वले साँच्चै अहिले भन्दा फरक ढंगले काम गरेर आफूलाई अब्बल देखाउन सक्यो भने त्यो एमालेको पार्टी जीवनमा समेत प्रभाव पार्न सक्छ । समग्रमा एमालेलाई मात्रै नभएर अरु राजनैतिक दल र संगठनलाई पनि प्रभाव पार्न सम्भव छ ।

अनेरास्ववियुको अध्यक्षमा काठमाडौं विश्वविद्यालयबाट एमबीबीएस उत्तीर्ण डा. कडरिया निर्वाचित भएपछि देशका विभिन्न भूभागमा गएर स्वयंमसेवक चिकित्सकको रूपमा पनि काम गरेको अनुभव छ । त्यही लगन, मिहिनेत र क्रियाशीलताको आडमा उनले म्याग्दीका प्रकाश पौडेललाई सात मतले पराजित गर्दै अनेरास्ववियुको २४औं अध्यक्ष बने । देशका विभिन्न भागमा संवयसेवक भई खटिदा उनले समाजलाई नजिकबाट बुझ्ने अवसर पाएका छन् । विद्यार्थी राजनीति श्रृजनात्मक नभइरहेको र परम्परागत ढंगले चल्दा नयाँ पुस्ताको विकर्षण बढेको हो । सत्ता विरोधी गतिविधि गर्न अब्बल भएको विद्यार्थी संगठन अब मुद्दाका आधारमा अघि बढ्न सक्दा विद्यार्थीलाई संगठित गर्न सम्भव छ ।

अनेरास्ववियूमा नयाँ नेतृत्वले श्रृजनशिल ढंगले काम गर्न सक्दा मुलुकको राजनीति सही दिशामा अघि बढ्ने माहौल तयार हुनसक्छ । अरु विद्यार्थी संगठनमा पनि विभिन्न विषयमा दक्ष व्यक्ति नेतृत्वमा आउन सक्छन् । पार्टी राजनीतिको नर्सरी विद्यार्थी र युवा संगठन भएकाले विद्यार्थी र युवा संगठन श्रृजनशिल र गतिशिल हुँदा उनीहरुले भविष्यमा माउ पार्टीलाई सही बाटोमा हिंडाउने सामर्थ्य राख्न सक्छन् ।

# नेता–कार्यकर्ता आत्मनिर्भर कसरी बन्ने ?



**इन्द्रप्रसाद गोतामे**

२००७ सालदेखि आजसम्म भएका विभिन्न राजनीतिक क्रान्ति, जनयुद्ध र जनआन्दोलनले सामन्तवादी अर्थतन्त्र भत्कायो, तर अर्थतन्त्रलाई गतिशील बनाउन सकेन। पुँजीवादको विकास नहुँदै हाम्रो अर्थतन्त्रमा नवउदारवादी दलाल र वित्तीय पुँजीवाद हाबी हुन पुग्यो। यो हाम्रो राजनीति र अर्थतन्त्रको मूल समस्या हो। यहींनेर मार्क्सवादीहरूले बुझ्न जरुरी छ, हिजोको समाजलाई हामीले बुझ्यौं र सामन्तवादलाई गणतन्त्रमा बदल्यौं। अबको हाम्रो कार्यभार आजको समाजलाई बुझ्ने र त्यसलाई बदल्ने हो। हिजो पार्टी, कार्यदिशा, नेतृत्व र आन्दोलनप्रति ठुलो विश्वास थियो, जसले नेता र कार्यकर्तामा दृढ इच्छाशक्ति पैदा गर्थ्यो। परिवर्तनका लागि त्याग, तपस्या र बलिदानको भाव जन्माउँथ्यो। जनताको सेवा र श्रम गर्ने, जनतासँगै बस्ने र खाने स्थितिले हामी पूर्ण जननिर्भर थियौं। सामन्त र दलालको सम्पत्ति कब्जा, कर, आर्थिक सहयोग, सामूहिक श्रम र खेतीबाट प्राप्त आम्दानी नै तत्कालीन पार्टी र आन्दोलनको आम्दानीको मुख्य स्रोत थियो। युद्धका सामग्री, स्वास्थ्योपचार, अध्ययन सामग्री, लत्ताकपडा र दैनिक आवश्यकताका सामग्री त्यही सीमित स्रोतबाटै पूर्ति गरिन्थ्यो। परिवर्तनको अपेक्षाबाहेक ठुला महत्वाकांक्षा थिएनन्। तर, आज हामी नयाँ परिस्थितिमा छौं। देशमा गणतन्त्र आइसकेको छ। नेता, कार्यकर्ताको कार्यभार बदलिएको छ। आजको अवस्थामा सक्रिय नेता र कार्यकर्ता कसरी आत्मनिर्भर हुने भन्ने महत्वपूर्ण प्रश्न बन्न गएको छ। 'क्रान्तिलाई दह्रोसँग पक्र र उत्पादन बढाऊ' भन्ने माओको भनाइलाई आत्मसात् गर्दै राजनीति र उत्पादनलाई सँगै लैजान तथा देशमा समृद्धि, सुशासन र सामाजिक न्यायका लागि आत्मनिर्भर नेता र कर्यकर्ताको ठूलो पंक्ति निर्माण गर्न आवश्यक छ। त्यसका निम्न आधार अपनाउन सकिन्छ :

१. **वैचारिक आधार** : मार्क्सवाद विज्ञान हो। जब त्यो श्रमिक वर्गले ग्रहण गर्छ, तब त्यो भौतिक रूपमा परिणत हुन्छ। हिजो कठिनभन्दा कठिन अवस्थामा हामी झुकेनौं त्याग, तपस्या, शौर्य र बलिदानको अवस्था पार गरेर नयाँ-नयाँ कीर्तिमान कायम गर्‍यौं, तर आज थोरै प्रलोभनले मान्छे झुक्छ, बिग्रन्छ किन ? त्यसैले नागरिक, नेता र कार्यकर्तालाई चेतनाबाट उठाउनुपर्छ। उत्पादनमा जोड्नुपर्छ। नेता र कार्यकर्ताको आत्मनिर्भरताको पहिलो सर्त भनेकै वैचारिक रूपले लेस हुनु हो। निरन्तर क्रान्ति भनेको विचार र व्यवहारमा निरन्तर रूपमा परिष्कृत हुनु हो। हिजोको अभ्यासले पुग्दैन, निरन्तर 'टेस्ट पास' र 'अपडेट' हुनुपर्छ। यसका लागि निरन्तर स्वाध्ययन, स्कुलिङ र प्रशिक्षण आवश्यक छ। नेता र कार्यकर्तालाई पार्टी, कार्यदिशा, नेतृत्व र आन्दोलनप्रति विश्वास पैदा गराउन जरुरी छ। जसले नेता र कार्यकर्तामा दृढ इच्छाशक्ति पैदा गर्छ, आत्मविश्वास बढाउँछ, सकारात्मक सोचको वृद्धि गर्छ। यसरी सिद्धान्त र व्यवहारबिचको उचित तालमेलले आत्मनिर्भर बन्न प्रेरित गर्छ।

२. **आर्थिक अनुशासन**

**क) आर्थिक पारदर्शिता** : भ्रष्टाचार नगर्नु, आफ्नो सबै सम्पत्ति र आम्दानीको स्रोत देखाउनु, आर्थिक रूपमा देश र जनताप्रति इमानदार हुनु, आफ्नो कतै कमजोरी हुन पुगेमा कारबाहीको भागिदार हुनु र आत्मालोचित हुनु आर्थिक पारदर्शिता हो । यो आर्थिक अनुशासनमा अत्यन्तै महत्वपूर्ण पक्ष हो ।

**ख) फजुल खर्चको नियन्त्रण** : फजुल खर्चलाई कसरी कम गर्ने ? हाम्रो संस्कार, संस्कृति, जन्म, पास्नी, विवाह, पूजा, मृत्यु संस्कार, चाडबाडमा कमभन्दा कम खर्च गर्ने विशेष नीति नै बनाउनुपर्छ। हामीले लगाउने फूल, माला, खादा र अन्य उपहारलाई कसरी कम गर्ने, यो सामान्य तर गम्भीर विषय हो। आज प्रत्येक घर र व्यक्तिले देखासिकी गरी लाखौं फजुल खर्च गरिरहेका छन्। राजनीतिक नेता र कार्यकर्ताले फजुल खर्चलाई पूर्ण रूपले खारेज गरी त्यसबाट बचेको रकम उत्पादनमूलक क्षेत्रमा लगानी गर्ने संस्कारको विकास गर्नुपर्छ। यसले राजनीतिमा सक्रिय रूपमा लाग्ने नेता र कार्यकर्तालाई आत्मनिर्भर बनाउन सहयोग पुर्‍याउँछ।

**ग) खर्चमा मितव्ययिता र बचत** : दैनिक, मासिक र वार्षिक रूपमा हुने खर्चमा न्यूनीकरण गर्दै सहकारी, बैंक, बिमामा बचत गर्ने बानी बसाल्नुपर्छ। यसले पनि नेता र कार्यकर्तालाई आत्मनिर्भर बन्ने आधार तयार गर्छ।

३. **उत्पादन र श्रम** : श्रम र उत्पादन नै आत्मनिर्भरताको आधार हो। उत्पादनलाई सामाजिक न्याय र समृद्धिसँग जोड्न आवश्यक छ।

**क) कृषि र पशुपालन** : कृषि र पशुपालनलाई उद्योगमा बदल्ने, टुक्रे र निर्वाहमुखी उत्पादन प्रणालीलाई जग्गाको चक्लाबन्दी गरी कृषिमा यान्त्रिकीकरण, औद्योगीकरण, व्यवसायीकरण गर्ने। कृषि, जडीबुटी, फलफूल र पशुपालनमा कृषि सरकारी फर्म, निजी कृषि फर्म, कृषि सहकारी, कृषि कम्पनी र सामूहिक कृषि फर्मलाई प्रोत्साहित गर्नुपर्छ। उच्च पहाडी र हिमाली क्षेत्रमा यार्सागुम्बा, पाँचऔंले, चिराइतो, रातो च्याउ, लोठसल्लो, निर्मसीलगायत बहुमूल्य जडीबुटी खेती, अर्ग्यानिक खेती, ओखर, फुजी स्याउ, कफी, चिया, टिमुरलगायत फलफूल खेती, भेडा, च्यांग्रा, चौंरी, गाई, कुखुरा, बंगुर, ट्राउट माछा पालनलाई उद्योगका रूपमा विकास गर्नुपर्छ। रैथाने खेती तथा अर्ग्यानिक खेतीलाई हाम्रो कृषिको पहिचान बनाई कृषि र पर्यटनलाई जोड्दै उद्योगमा विकास गर्न सक्नुपर्छ।

तराई र पहाडी भूगोलमा धान, मकै, गहुँ, नगदे बाली, दूध र मासु, फलफूललगायत पकेट क्षेत्र नै निर्धारण गरेर कृषि उद्योग विकास गरी कम्तीमा कृषिमा आत्मनिर्भर हुने वातावरण तयार गर्नुपर्छ। यसले रोजगार र स्वरोजगार सिर्जना गर्छ। दलका नेता र कार्यकर्ता हिमाल, पहाड, तराई जहाँका भए पनि कृषि क्षेत्रमा सहभागी भई आफू आत्मनिर्भर बन्दै राजनीतिमा सक्रिय सहभागी हुने आधार तयार गर्नुपर्छ।

**ख) उत्पादनमूलक सहकारी** : छरिएर रहेका थोरैथोरै पुँजी केन्द्रित गरी उत्पादनमूलक सहकारी गठन गरी कृषि र पशुपालन गरेर यससम्बन्धी साना र मझौला उद्योग सञ्चालन गर्नसके नेता र कार्यकर्तालाई आत्मनिर्भर बनाउन सहयोग पुग्छ।

**ग) साना उद्योगको विस्तार** : परम्परागत सीपलाई प्रविधि र बजारसँग जोडेर साना उद्योगको विस्तार गर्ने, कृषि र पशुपालनसँग सम्बन्धित साना उद्योगमा सामूहिक र व्यक्तिगत लगानी गरी आम्दानी बढाउन सकिन्छ। यसले पनि नेता र कार्यकर्तालाई आत्मनिर्भर बनाउने आधार तयार गर्छ।

**घ) सामूहिक उत्पादन** : प्रत्येक जिल्ला र प्रत्येक पालिकाले कम्तीमा एक वा एकभन्दा बढी सामूहिक उत्पादन केन्द्र निर्माण गरी त्यसको नेतृत्व गर्नुपर्छ। जनयुद्धकालीन कम्युन पुनः सञ्चालन गरेर नयाँ ढंगबाट त्यसलाई सफल बनाउन सके त्यसले पनि आत्मनिर्भरता बढाउन सक्छ। विभिन्न उत्पादनमूलक कम्पनीमा व्यक्तिगत र सामूहिक लगानी गर्नुका साथै ठेक्कापट्टा, पसल व्यवसाय, राष्ट्रिय र अन्तर्राष्ट्रिय व्यापार आदिमा सामूहिक र व्यक्तिगत लगानीको वातावरण तयार गर्नुपर्छ।

४. **प्राकृतिक स्रोतको सदुपयोग** : हामीसँग भएको प्राकृतिक स्रोत ढुंगा, गिटी, बालुवा, जल, जंगल, जडीबुटी, जमिन, खानी, हिउँ, विभिन्न प्रकारका वातावरणको सही पहिचान गरी सही सदुपयोग गर्नुपर्छ।

**क) ढुंगा, गिटी, बालुवा** : देशैभरि रहेका नदीनालामा बर्सेनि थुप्रने जमिन सतहभन्दा माथिको ढुंगा, गिटी, बालुवालाई प्राकृतिक रूपमा असर नपर्ने गरी कानुनी रूपले व्यवस्थापन गर्ने। ढुंगा, गिटी, बालुवाको स्थानीय जनतासमेतको सहभागितामा उद्योग सञ्चालन गर्ने। यसको उचित व्यवस्थापन नहुँदा चोरी निकासी हुँदै आएको छ।

**ख) जल** : हाम्रो देशमा जलविद्युत् आयोजना निर्माणको सम्भावना निकै राम्रो छ। प्रत्येक जलविद्युत् आयोजनाबाट १० प्रतिशत सेयर स्थानीय जनतालाई दिने सुनिश्चितता भएको छ। साथै, हिमाली शुद्ध खानेपानीको माग विश्वभर रहेको छ। त्यसको मूल हाम्रा हिमाली जिल्लामा प्रशस्त रूपमा पाइन्छ। त्यसैले पानीका ठुल्ठुला उद्योग सञ्चालन गर्न सकिन्छ।

**ग) वन, जडीबुटी** : नेपालको हिमाल, पहाड र तराईको जंगलमा प्रशस्त मात्रामा जडीबुटी पाइन्छन्। उच्च पहाडी र हिमाली भूगोलमा जडीबुटी खेती गर्दै संकलन तथा प्रशोधन केन्द्र स्थापना गर्नुपर्छ। साथै, वनमा रहेको काठको सही सदुपयोग गरी विदेशबाट भित्रिने अर्बौंको काठ रोक्नुपर्छ। वनको संरक्षण गर्नुका साथै नियमित वृक्षरोपण गर्नुपर्छ। यसरी हामीसँग भएको प्राकृतिक स्रोत-साधनले रोजगार र स्वरोजगारको सिर्जना गर्छ। जसले आत्मनिर्भर हुन महत्वपूर्ण सहयोग पुर्‍याउँछ।

५. **पर्यटन** : यो ठूलो सम्भावना भएको क्षेत्र हो। हामीसँग भएको प्राकृतिक स्रोत- ढुंगा, बालुवा, जल, जंगल, जडीबुटी, जमिन, खानी, हिउँ, विभिन्न प्रकारका वातावरण, दर्जनौं आरक्षण तथा निकुञ्ज, गैंडा, कस्तुरी, रेडपाण्डाजस्ता हजारौं जीवजन्तु, धार्मिक मठ, मन्दिर, विभिन्न जात, जातिको सांस्कृतिक एवं सम्पदा, जनशक्ति र देशको भौगोलिक अवस्थितिको सही पहिचान, त्यसको सही उपयोग र परिचालन गरी पर्यटन उद्योगको विकास गर्नुपर्छ। सबै जिल्लामा रहेको पर्यटकीय क्षेत्र पहिचान, विकास र विस्तारसम्बन्धी गुरुयोजना बनाएर पर्यटनमा सामुदायिक र व्यक्तिगत होमस्टेका माध्यमबाट बढीभन्दा बढी जनसहभागिता गराउने, सुविधा सम्पन्न होटेल निर्माण गर्ने, पर्यटकलाई पूर्ण सुरक्षाको प्रत्याभूति गराउने, पर्याप्त र सबै किसिमका मनोरञ्जन दिने व्यवस्था मिलाउन सक्ने हो भने पर्यटन देशकै विकासको आधार बन्न सक्छ। यसले रोजगार र स्वरोजगारको सिर्जना गर्छ। त्यसैले पर्यटन आत्मनिर्भर बन्ने एउटा महत्वपूर्ण आधार हो।

६. **प्रविधि र नवप्रवर्तन** : एकाइसौं शताब्दीको सुरुदेखि हालसम्म साइबरनेटिक, डिजिटल, नानो टेक्नोलोजी, जेनोम र कृत्रिम बौद्धिकता (एआई) लगायत 'एकीकृत सूचना प्रविधि'को युगलाई चौथो औद्योगिक क्रान्तिको युग भनिन्छ। यसको अधिकतम सदुपयोग गर्नु आत्मनिर्भरताको महत्वपूर्ण पक्ष हो।

**क) सामाजिक सञ्जाल** : फेसबुक, युट्युब, इन्स्टाग्राम, ह्वाट्सएपलगायत सामाजिक सञ्जालको प्रयोग गरी हाम्रो उत्पादन र व्यवसायलाई सहजीकरण र सुदृढ गर्न सकिन्छ। अनलाइन पसल, डिजिटल मार्केटिङ पनि आजको व्यवसायको प्रमुख पक्ष बन्दै गएको छ।

७. **आयआर्जनका अन्य विकल्प** : विशेष क्षेत्रमा मात्र सीमित नभई अन्य सम्भावनाको पनि खोजी गर्नुपर्छ। सेयर कारोबारलाई र जग्गा जमिनको व्यवसायलाई उत्पादनको आधार बनाउन सकिन्छ।

८. **समयको व्यवस्थापन** : राजनीतिमा व्यस्त हुँदाहुँदै पनि बाँकी समयमा उत्पादनमा भाग लिएर आत्मनिर्भर हुन निरन्तर प्रयास गर्नुपर्छ।

९. **शिक्षा, ज्ञान र तालिम** :

निरन्तर जनताबाट सिक्ने र अग्रज नेता-कार्यकर्ताले अपनाएका विधिको अनुसरण गर्ने र त्यसलाई थप परिष्कृत बनाउने। परम्परागत उत्पादनको ज्ञान र सीपलाई नयाँ प्रविधिसँग जोड्ने तालिमको व्यवस्थापन गर्ने। आइटीलगायत नयाँ प्रविधिको तालिम लिई नयाँ ज्ञान हासिल गर्ने। नेतृत्व क्षमता, व्यवस्थापन र उत्पादन सीपको विकास गर्न प्रशिक्षण र तालिमको व्यवस्था गर्ने। जसले नेता र कार्यकर्तालाई स्वरोजगार बनाउँदै आत्मनिर्भर बनाउन महत्वपूर्ण भूमिका निर्वाह गर्छ।

अन्त्यमा, नेपालको समृद्धिको बाधक भनेको राजनीतिक अस्थिरता नै हो। त्यसको अन्त्य गर्न राष्ट्रिय सहमतिका आधारमा संविधान संशोधन गरी प्रत्यक्ष निर्वाचित राष्ट्रपति वा प्रधानमन्त्री, प्रदेशमा प्रत्यक्ष निर्वाचित मुख्यमन्त्री, विज्ञहरूको सानो मन्त्रिमण्डल र पूर्ण समानुपातिक निर्वाचन प्रणाली हुने व्यवस्था कायम गरिनुपर्छ। जसले आत्मनिर्भर देश, आत्मनिर्भर जनता र आत्मनिर्भर नेता र कार्यकर्ता निर्माण गरी सुशासन, समृद्धि र सामाजिक न्यायको आधार तयार गर्छ।

नयाँ पत्रिकाबाट

# नेप्सेमा झिनो अङ्कको सुधार



काठमाडौँ । यो साता कारोबारको पहिलो दिन आइतबार नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा झिनो अङ्कको सुधार देखिँदा कारोबार रकम बढेको छ । नेप्से परिसूचक शून्य दशमलव ४७ अङ्कले बढेर दुई हजार छ सय ५५ दशमलव ८५ को बिन्दुमा कायम भएको हो ।

तीन सय आठ कम्पनीको दुई करोड ५३ लाख ९३ हजार ७६२ कित्ता शेयर ९५ हजार ३७४ पटक खरिदबिक्री हुँदा रु ११ अर्ब ४४ करोड ३२ लाख ७२ हजार ६३६ दशमलव ९४ को कारोबार भएको नेप्सेले जनाएको छ ।

कारोबारमा विकास बैंक समूह शून्य दशमलव ४८, जलविद्युत् शून्य दशमलव ९६, उत्पादन तथा प्रशोधन एक दशमलव ४७, निर्जीवन बिमा शून्य दशमलव शून्य सात र व्यापार समूह एक दशमलव शून्य आठ प्रतिशतले बढेका छन् भने अरु सबै समूहको उपसूचक घटेको छ ।

बैंकिङ शून्य दशमलव ४४, वित्त शून्य दशमलव ५९, होटल तथा पर्यटन शून्य दशमलव शून्य छ, लगानी शून्य दशमलव ७६ र जीवन बिमा शून्य दशमलव ५४ प्रतिशतले घटेका छन् । त्यस्तै, लघुवित्त शून्य दशमलव ३१, म्यचुअल फण्ड शून्य दशमलव ४१ र अन्य समूह शून्य दशमलव ४६ प्रतिशतले घटेका हुन् ।

ग्रिन डेभलपमेन्ट बैंक लिमिटेड, प्युअर् इनर्जी लिमिटेड र छ्याङ्दी हाइड्रोपावर लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । नेपाल हाइड्रो डेभलपर्स लिमिटेडको शेयर मूल्य सबैभन्दा बढी चार दशमलव ४३ प्रतिशतले घटेको छ ।

कारोबार रकमका आधारमा सबैभन्दा बढी सानिमा माई हाइड्रोपावर लिमिटेडको रु ८९ करोड एक लाख बराबरको शेयर किनबेच भएको छ । कारोबार भएका शेयर संख्याका आधारमा सबैभन्दा बढी ङादी ग्रुप पावर लिमिटेडको २० लाख ७५ हजार एक सय ९७ कित्ता शेयर खरिदबिक्री भएको छ ।

# आँप खादा के–के फाइदा हुन्छ ?

आँप असार, साउन र भदौ महिना पाइने फल हो । यो समय भनेको आँप पाइने मौसम हो । आँप फल जुनसुकै उमेर समूहका मानिसले पनि मन पराउने गर्दछन् ।

आँपमा भिटामिन ए, बि, सी र ई प्राप्त मात्रमा पाइन्छ । यस्तै आँपको प्रयोग गर्दा आँपले छालालाई स्वस्थ बनाउनुको साथै डण्डिफोरबाट पनि राहत दिलाउने गर्दछ ।

ठूला देखि स-साना रुखमा फल्ने आँपका धेरै प्रजाति हुन्छन् । यिनै प्रजातिका आधारमा यसको स्वाद फरक-फरक हुन्छ । आँपको विभिन्न परिकारहरु जस्तै आँपको लस्सी, आँपको स्मूदी, आँपको धुलो, आँपको अचार, आँपको जुस, काँचो आँपको खट्टा जुस, काँचो र पाकेको आँपको धुलोबाट खट्टामिठा जुस, म्याङ्गो चिल आइस, सलाद, गालेको अचार, आपको चाना, गुन्द्रुकसँग साँधेर आँपको अचार बनाउन सकिन्छ ।

भूगोलअनुसार पनि आँपको स्वादमा विभिन्नता पाउन सकिन्छ । हरेक वर्ष नेपालीभन्दा पहिले भारतीय आँप बजारमा आउने गरेको छ । हुन त नेपालमा खपत हुनेमध्ये अधिकांश फलफूल भारतबाटै आयात हुने गरेको छ । तर नेपालको सबैजसो हावापानीमा यो उपलब्ध हुने भएको कारण फलफूलको राजा मानिने आँपको माग स्वदेशी उत्पादनले नै धान्ने गरेको छ ।

अनुसन्धानहरुले देखाएअनुसार एसिया महादेश आँपको लागि धनी मानिन्छ । अफ्रिका र मलेसियामा पनि आँपको राम्रो उत्पादन हुन्छ । नेपालमा बम्बे, केसर, दसहरी, मालदह, बन्बै ग्रिन, कृष्णभोग जातका आँप उपलब्ध हुने गरेका छन् । खासगरी काठमाडौंमा मालदह, कलकत्ते, दसरी, बम्बई, आम्रपाली कृष्णभोग जातका आँप बढी खपत हुने गरेको



छ ।आँपमा कार्बोहाईड्रेड, प्रोटिन कोलेष्ट्रोल, डाण्टरी रेशा, भिटामिनहरु सी, ए, ई र के, सोडियम, पोटासियम, क्याल्सियम लगायतको थुप्रै तत्वहरु पाउन सकिन्छ ।

**आँपका फाईदाहरु यस्ता छन्**

१. आँपले बालबालिकाको मानसिक विकास गर्न सहयोग पुर्‍याउँछ ।

२. आँपको सेवनले पाचनप्रक्रिया ठिक गराउँछ ।

३. आँपले रोग प्रतिरोधात्मक क्षमता बढाउँछ ।

४. यसले दिमाग र हड्डीको विकासमा पनि टेवा पुग्छ ।

५. क्याल्सीयम, बेटा क्यारोटिन, भिटामिन ए जस्ता तत्वहरुले बच्चाको हड्डी र स्मरण शक्तिमा तेज ल्याउन सघाउँछ ।

६. भिटामिन बी -६ र बी -२ जस्ता तत्व आँपमा हुने भएको कारण तुरुन्त शक्ति प्राप्त गर्न सघाउँछ ।

७. भिटामिन सी र मिनरल्स जस्ता पदार्थहरु हुने भएकाले आँपले मांसपेशी र हड्डीको विकासका लागि सहयोगी हुन्छ ।

८. मुटु र आँखाका लागि आँपको सेवन निकै फाइदाजनक हुन्छ ।

९. आँपमा भिटामिन ए हुने भएकाले आँखाको ज्योति बढाई आँखा बिग्रिनबाट पनि बचाउँछ ।

१०. आँपको सेवनले रक्तचाप पनि सन्तुलनमा ल्याउँछ ।

११. रोग प्रतिरोधात्मक क्षमता पनि बढाउँछ । बाहिरी इन्फेक्सनबाट पनि बचाउँछ ।

१२. आँपको प्रयोगबाट पाचन प्रक्रिया समेत राम्रो हुन्छ ।

१३. क्यान्सर हुनबाट जोगाउँन मद्दत गर्छ ।

१४. तौल बढाउँछ ।

१५. आँपमा पर्याप्त मात्रामा आइरन हुने हुँदा एमिनिया हुनबाट जोगाउन मद्दत पुर्‍याउँछ ।

१६. गर्भवती महिलाको लागि पनि आँप राम्रो मानिन्छ ।

१७. यौन सम्बन्धी समस्या हुनेले पनि नियमित खाएर लाभ लिन सकिन्छ ।

१८. आँपमा कप्पर पनि प्रशस्त मात्रमा पाइने भएकाले आर.बि.सी. बनाउन मद्दत गर्ने हुदा एनेमिया भएका बिरामीलाई फाइदाजनक हुन्छ ।

१९. आँपको प्रयोगले कोलेष्ट्रोल पनि घटाउ छ ।

२० आँपको प्रयोगले गर्मी बाट पनि बचाउँछ ।



**भूमे नाचः**
घोराही उप-महानगरपालिका-१३ स्थित बडहरामा आइतबार भूमे पर्वको अवसरमा थबाडी सेवा समाज समिति दाङद्वारा आयोजित भूमे नाचमा सहभागी मगर समुदाय। हरेक वर्ष असार १ गते भूमिको पूजा गरेर पाँच दिनसम्म नाचगान गरी मनाइने भूमे पर्व मगर समुदायको प्रमुख सांस्कृतिक पर्व हो। तस्विर : कुलदीप न्यौपाने / रासस

# उखु उत्पादक किसानलाई रु १ अर्ब ६० करोड अनुदान उपलब्ध गराउन माग



काठमाडौँ। नेपाल किसान महासङ्घ र अखिल नेपाल किसान महासङ्घले उखु उत्पादक किसानलाई रु एक अर्ब ६० करोड अनुदान उपलब्ध गराउन माग गरेका छन्।

आइतबार पत्रकार सम्मेलनमा महासङ्घले उखु उत्पादक किसानलाई दिइँदै आएको अनुदानलाई निरन्तरता दिँदै चालु आर्थिक वर्षको अनुदान करिब रु एक अर्ब ६० करोड किसानलाई यथाशीघ्र भुक्तानी गर्नुपर्ने माग गरेका हुन्।

उनीहरु दुग्ध उत्पादक किसानहरुको वक्यौता रकम यथाशीघ्र भुक्तानी गर्नुपर्ने, धान र मकैका लागि अति आवश्यक रहेको रासायनिक मलको पर्याप्त उपलब्धताको सुनिश्चितता गर्नुपर्ने समेत माग गरेका हुन्।

"राष्ट्रियसभा दिगो विकास तथा सुशासन समितिले, विसं २०७९ साउन १६ गते अर्थमन्त्रालय र उद्योग तथा वाणिज्य मन्त्रालयलाई डिएनए परीक्षण गरेर मात्र सुपारी निर्यात गर्न भनी निर्देशन गरे पनि उत्पादन बिक्री वितरण गर्न नपाउँदा सुपारी उत्पादक किसान समस्यामा परेका छन्। त्यसैले सुपारी किसानका समस्या तत्काल सम्बोधन गर्नुपर्दछ।"-अखिल नेपाल किसान महासङ्घका अध्यक्ष डा.प्रेम दङ्गालले भने। उनले च्याउखेती तथा पशुपालनका लागि प्रयोग हुने पराल र गहुँको नल दुवानी गर्दा प्रहरी प्रशासनले बारम्बार दुःख दिइरहेकाले यसको स्थायी समाधान गरी कृषिमा सुशासनको प्रत्याभूति गर्न पनि माग गरे।

नेपाल किसान महासङ्घका अध्यक्ष गणेशभन्द्र तिमल्सेनाले अस्थायी संरचना निर्माण गरेर भएता पनि उत्पादित बिक्रीयोग्य चैते धान निर्धारित समर्थन मूल्यमा यथाशीघ्र खरिद गर्न आवश्यक रहेको बताए। उनले निर्धारित मूल्यभन्दा कममा बिक्री गरिएको धानको समर्थन मूल्य बराबरको रकम किसानले प्राप्त गर्ने गरी सरकारले शोधभर्ना दिनुपर्ने माग गरे।

उनले भने-"तत्कालका लागि उत्पादित धानलाई मौज्दात राखी सहुलियत कर्जा किसानलाई उपलब्ध गराउन आवश्यक छ, भविष्यमा खाद्यवानी भण्डारणका लागि समस्या हुन नदिन आवश्यक पर्ने पूर्ण क्षमताका भण्डारण गोदाम निर्माण गर्नुपर्दछ।"

राष्ट्रिय किसान आयोगका पदाधिकारीको कार्यकाल, २०८२ बैशाख १७ गते समाप्त भइसके पनि आजको मितिसम्म पनि पदाधिकारी नियुक्ति प्रक्रिया अगाडि बढाइएको भन्दै नियुक्ति प्रक्रिया चाँडोभन्दा चाँडो अगाडि बढाउन महासङ्घको माग छ।

## लुम्बिनीको...

'एक घरः एक धारा' को अभियान पुरा गर्न स्थानीय तहसँग सहलगानी तथा सहकार्यको माध्यमबाट खानेपानी सरसफाइ तथा स्वच्छता योजना सञ्चालन गर्न र ८० प्रतिशतभन्दा बढी भौतिक प्रगति भएका २२८ खानेपानी आयोजना सम्पन्न गर्न ७७ करोड ६५ लाख विनियोजन गरिएको छ। गुणस्तरीय खानेपानी सेवाको पहुँच वृद्धि गर्न र परम्परागत पानीका स्रोतहरूको संरक्षण गर्न खानेपानी गुणस्तर सुधार कार्यक्रम तथा स्रोत संरक्षण कार्यक्रमको लागि १० करोड विनियोजन गरिएको छ।

प्रदेश गौरवको आयोजनाको रूपमा रहेको प्रदेशको राजधानीमा रहेका प्रशासनिक भवन निर्माण कार्यलाई आगामी आर्थिक वर्षभित्रै सम्पन्न गरी नयाँ भवनबाटै सेवा प्रवाह सुरु गर्नेगरी प्राथमिकतामा राखिएको छ।

'कृषकका गह्वाःसधैँ हराभरा'भन्ने नारालाई आत्मसात् गर्दै कृषि उत्पादन र उत्पादकत्व वृद्धि, खाद्य सुरक्षातथा कृषिमा आत्मनिर्भरता हासिल गर्न एकीकृत सिंचाइ तथा कृषि विकास कार्यक्रमको लागि २ करोड ७० लाख विनियोजन गरिएको छ। सतह, भूमिगत, लिफ्ट सिँचाइ तथा नयाँ प्रविधिको प्रयोगमार्फत थप १ हजार हेक्टर कृषियोग्य भूमिमा सिँचाइ सुविधा विस्तार गर्न ३८ करोड, कृत्रिम पोखरी तथा स-साना जलासय निर्माणर पुराना ताल तथा पोखरीहरूको संरक्षणमार्फत् भूमिगत जल पुनर्भरण गर्ने कार्यलाई निरन्तरता दिइएको छ।

निर्माणाधीन बहुवर्षीय सडक तथा सडकपुल आयोजना कार्यान्वयनका लागि १ अर्ब ५९ करोड २८ लाख विनियोजन गरिएको छ। स्थानीय तहको केन्द्रसम्म कालोपत्रे सडक पुऱ्याउने गरी स्थानीय तह पहुँचमार्ग कार्यक्रमलाई प्राथमिकतासाथ निरन्तरता दिँदै १९ वटा स्थानीय तह पहुँचमार्ग निर्माणका लागि रु.३४ करोड ६० लाख विनियोजन गरिएको छ। 'सीमा क्षेत्रको बास, प्रदेश सरकारको साथ' भन्ने मान्यताकासाथ सीमाक्षेत्रका नागरिकहरुलाई राष्ट्रिय लोकमार्ग एवम् प्रादेशिक लोकमार्गसम्मको सहज पहुँच उपलब्ध गराउन २३ वटा सीमाक्षेत्र सडक निर्माणका लागि १९ करोड ५ लाख विनियोजन गरिएको छ। निर्माणाधीन १९ वटा झोलुङ्गेपुल र १२ वटा नयाँ झोलुङ्गेपुल निर्माणका लागि १४ करोड ७०, प्रदेश सरकारको प्राविधिक सहयोगमा एक सय बीस मिटर भन्दा छोटा झोलुङ्गे पुल स्थानीय तहले निर्माण गर्ने व्यवस्थालाई निरन्तरता दिइएको छ।


## बिमालेख हराएको सूचना

मेरो निम्न विवरण भएको लाईफ इन्स्योरेन्स कर्पोरेशन नेपाल लिमिटेडको बिमा लेख मिति २०८२।०१। २२ गते रामग्राम-१५ देखि परासी जाने क्रममा हराएको हुदाँ फेला पार्नु हुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर वा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध छ।

**नामः** ओम प्रकाश बानिया
**ठेगाना :** रामग्राम-१५, सुक्रौली, नवलपरासी
**विमा लेख नम्बर :** १५११३३६४५
**मोबाइल नम्बर :** ९८०५४०१०४३


# तरबुजा बिक्री गरेर १२ लाख आम्दानी



दाङ। रोल्पा माडी गाउँपालिका-१ जबाङ दुदिलाबोटका २७ वर्षीय वीरेन्द्र खड्का र परिवर्तन गाउँपालिका-५ का ३१ वर्षीय वीरेन्द्र वलीले दाङमा तरबुजाखेतीबाट मनग्य आम्दानी लिन थालेका छन्।

घोराही उप-महानगरपालिका-७ घुम्नामा ती युवा मिलेर बबई नदी किनारमा तरबुजाखेतीमा संलग्न छन्। विगतमा बालुवैबालुवाले उराठिलो रहेको बगर अहिले हरियालीमा परिणत भएको छ। बगरमा सोंचेभन्दा राम्रो तरबुजा उत्पादन भएपछि आफूहरू खुसी भएको किसान खड्का बताउँछन्। कृषि विषय अध्ययन गरेका उनी आफ्नै ठाउँमा कृषि पेसाबाट अगाडि बढ्ने बताउँछन्। उनले भने-"कृषिसम्बन्धी अध्ययन गरेको र आफ्नै ठाउँमा केही गर्नुपर्छ भन्ने उद्देश्यले सात वर्षअघि कृषि फार्म स्थापना गरेर पुष्प व्यावसाय गर्दै आएको थिएँ, एक जना साथी थपिएपछि अहिले दुईजना मिलेर घोराहीमा व्यावसायिक तरबुजाखेती पनि विगत दुई वर्षदेखि गर्दै आएका छौँ।" यसबाट राम्रो आम्दानी भइरहेको उनले बताए। उनले दाङ एग्रोमार्ट कृषि फार्ममार्फत् व्यवसाय गर्दै आएका छन्।

घुम्नामा साढे चार बिघा जग्गा तरबुजाखेतीका लागि भाडामा लिएको उनले जनाए। उक्त जग्गाको ८० हजार तिर्ने गरेर तीन महिना अवधिका लागि जग्गा भाडामा लिएर उनले तरबुजाखेती गरिरहेका छन्।

अहिले आहाना, सरस्वती र विशाला जातको तरबुजा रु ५० किलोका दरले र आरोही रु ७० किलोका दरले बिक्री गर्दै आइरहेको अर्का किसान वीरेन्द्र वली बताउँछन्। अहिले दैनिक एक हजार किलो बिक्री हुन्छ। हालसम्म आधाभन्दा बढी बिक्री गरिसकेको उनले जानकारी दिए। बाहिर देशबाट सस्तोमा भित्रिँदा स्थानीय किसान मारमा पर्ने गरेको उनको भनाइ छ। गत वर्ष रु १२ लाखको कारोबार गरेको उनले बताए।

यस वर्षको हालसम्म रु पाँच लाखको कारोबार गर्न सफल भएको उनी बताउँछन्। "सोंचेभन्दा राम्रो आम्दानी भइरहेको छ।"-किसान वलीले भने। स्वदेशमै आत्मनिर्भर हुनका लागि कृषि पेसा रोजेको हुँदा यसैलाई निरन्तरता दिने उनी बताउँछन्। उनले भने-"तर केही बजारीकरणमा समस्या भएको हुँदा सरकारले बाहिरी देशबाट आउने तरबुजालाई रोक्ने प्रयास गर्यो भने आफूलगायत अन्य किसानलाई सहज हुनेछ।" कम विषादीयुक्त र जैविक उत्पादन गरिरहेकाले आम उपभोक्ताको रोजाइमा परेको उनले जनाए।

दाङ एग्रोमार्ट कृषि फार्ममा तरबुजा किन्न पुगेका घोराही-१४ का अर्जुन केसी गर्मीको समयमा यसको महत्व धेरै हुने भएकाले खान मन लागेको समयमा यही आएर लैजाने गरेको बताउँछन्। आफ्नै गाउँठाउँमा उत्पादित वस्तु खान अन्य नागरिकलाई पनि उनी आग्रह गर्छन्। खेर गइरहेका बगरमा यसरी तरबुजाखेती गर्नसके स्वदेशमै आत्मनिर्भर बन्न सकिन्छ भने सीप र जाँगर भए विदेशिनु पर्दैन भन्ने दरिलो उदाहरण युवा किसानले दिएका छन्।

# धुर्कोट-इस्मा जोड्ने झोलुङ्गे पुल निर्माण



गुल्मी। गुल्मीमा दुई गाउँपालिका जोड्ने झोलुङ्गे पुल निर्माण गरिएको छ। जिल्लाको पश्चिम क्षेत्रका धुर्कोट र इस्मा गाउँपालिका जोड्ने गरी तीन सय ७० मिटर लामो झोलुङ्गे पुलको निर्माण गरिएको हो।

छल्दी खोलामाथि निर्माण गरिएको पुलले धुर्कोट गाउँपालिकाको वस्तु र इस्मा गाउँपालिकाको अम्मरपुर जोड्छ। रु एक करोड ८४ लाखको लागतमा सस्पेन्सन ब्रिज डिभिजन ललितपुरमार्फत् निलगिरी निर्माण सेवा प्रालिले पुल निर्माण गरेको हो। एकैपटकमा झन्डै आठ सय नागरिकले आवतजावत गर्न सक्ने क्षमता पुलको छ।

झोलुङ्गे पुलले बिचित्र गुफालाई राजमार्गबाट नजिक बनाएको छ। त्यसैगरी हिमालय माविका विद्यार्थीलाई विद्यालयसम्म आवातजावत गर्न, घाँस, दाउरा गर्न एवं स्थानीयको दैनिकीमा सहजता आएको छ। "केही वर्ष पहिले खोला तर्ने क्रममा पाँच वर्षीय बच्चालाई आमाकै काखबाट खोलाले बगाएको थियो, बच्चालाई हामीले हुलाकेमा मृत फेला पारेका थियौँ", स्थानीय बोमलाल भण्डारीले भने-"अहिले पुल बनेको छ, हाम्रो दैनिकी फेरिएको छ।" उनले पुलले वस्तु र अम्मरपुरका धैरै नागरिकलाई प्रत्यक्ष फाइदा पुगेको बताए।

धुर्कोट गाउँपालिका-५ को वस्तुमा प्राकृतिक रूपमै बिचित्रको गुफा छ। यो पुलले मदन भण्डारी राजमार्गअन्तर्गत तम्घास-सिमलटारीबाट नजिक बनाएपछि आन्तरिक तथा बाह्य पर्यटकलाई पनि सजिलो भएको छ। राजमार्गबाट पाँच मिनेटमा पुल तरेपछि १० मिनेटमा बिचित्र गुफा पुग्न सकिने भएको छ। छल्दीखोला झोलुङ्गे पुल लामो भएकाले आन्तरिक पर्यटनमा समेत टेवा पुगेको छ। लामो तथा अग्लो स्थानमा निर्माण गरिएको पुलका कारण दैनिक घुम्न, हावा खान र फोटो खिचाउन आउनेको घुइँचो लाग्ने गरेको वडाध्यक्ष केशवराज भण्डारीले जानकारी दिए।

धुर्कोट गाउँपालिका-५ वस्तुको यो गुफा पत्ता लागेका तीन दशक बढी भयो। तर, संरक्षण र उचित विकास समयमै हुन सकेन। शान्ति प्रक्रियापछि गुफा संरक्षणका केही काम भएका छन्। सदरमुकाम तम्घासबाट ४५ मिनेटमा बिचित्र गुफा पुगिन्छ। मदन भण्डारी राजमार्गअन्तर्गत तम्घास-सिमलटारी खण्डबाट गुफा पुग्न १५ मिनेट लाग्छ। गुफाभित्र फेलापरेका संरचनालाई स्थानीयले सभाहल, रामजानकी आश्रम, शिवालय, स्वर्ग जाने बाटोलगायत नामकरण गरेका छन्।

धुर्कोट गाउँपालिकाका अध्यक्ष भुपाल पोखरेलले पुलले धुर्कोटको पर्यटन विकासलाई वृद्धि गर्ने बताए। उनले बाह्य पर्यटकको पनि घुइँचो हुने बिचित्र गुफामा अझै सडकको आवश्यकता रहेको जनाए।


## अधिकतम खुद्रा विक्री मूल्य (MRP) प्रकाशनको सूचना

सुमेधा सप्लायर्सले चीनबाट पैठारी गरेको निम्न वस्तुको अधिकतम खुद्रा विक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

तपसिल

| सि. नं. | माल वस्तुको विवरण | आकार/ प्रकार | ब्राण्ड | मोडल | क्षमता | उत्पत्तिको मुलुक | इकाई | प्रति इकाई मूल्य | अधिकतम खुद्रा विक्री मूल्य(MRP) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Air Conditioner | Domestic | Audee | GSA-12AD | 12000BTU | China | Pcs | 58408.00 | 59,000.00 | |
| 2 | Air Conditioner | Domestic | Audee | GSA-18AD | 12000BTU | China | Pcs | 79031.00 | 80,000.0 | |

**बिक्रेता नामः सुमेधा सप्लायर्स**
**ठेगानाः काठमाडौं -३२**
**एक्जीम कोड नं.६०४०९७६८००११३**
**फोन नं.: ०१-५४५५८५३**

## ट्वाइलेट सफा गराउनुहोस्

**के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।**

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुखानगर, रूपन्देही,
**फोनः ९८५७०५८८१३,९८०७१८०८१३**

## ट्वाइलेट सफा गराउनुहोस्

**तपाईंको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।**

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टेी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

## ट्वाइलेट सफा गराउनुहोस्

**सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?**
**हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं।**
**क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार**



**प्रो. रामशाह शाहानी**
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297



**सडकमा साँढेः**
बुटवलको पवित्रनगरमा सडकको बिच भागबाट हिंडिरहेको साँढे । चिटिक्क र फराकिला सडकले सुन्दर बनेको बुटवलमा वर्षौंदेखिको छाडा पशु चौपायाको समस्या भने झन् बढ्दो छ। मुख्य सडक होस् वा भित्री, जताततै छाडा चौपाया उस्तै देख्न सकिन्छ। सडकका डिभाइडर र बिच सडकमै छाडा चौपाया अड्डा जमाएर बस्दा दुर्घटनाको जोखिम त बढेको छ नै सर्वसाधारणलाई समेत हिंड्डुल गर्न समस्या हुने गरेको छ। शहरी क्षेत्रमा छाडा चौपाया नियन्त्रणको विषय सधैं पेचिलो बन्ने गरेको छ। बजार क्षेत्रमा अनियन्त्रित रुपमा आउने छाडा चौपायाले सडकमा दुर्घटना बढ्नुका साथै शहरको व्यवस्थापनमा समेत बाधा पुऱ्याउने गरेका छन्। सडकमा छोडिएका चौपाया व्यवस्थापनकै लागि स्थानीय सरकारले बर्सेनि लाखौं बजेट छुट्याएर काम गरे पनि समस्या समाधानतर्फ उन्मूख हुनुको सट्टा बढ्दै गएको छ। छाडा चौपाया व्यवस्थापनका लागि बुटवल उप-महानगरपालिकाले यसअघि गरेका प्रयासहरू असफल जस्तै हुँदा समस्या झन् बढ्दै गएको हो। गतवर्ष गोलपार्कमा साँढेले हान्दा घाइते भएकी एक जना महिलाको उपचारको क्रममा लुम्बिनी प्रादेशिक अस्पतालमा मृत्यु भएको थियो।

*तस्विरः डीबी टण्डन(विजय)*

# स्याङ्जाको फेदीखोला आफ्नै भवनमा



स्याङ्जा । स्याङ्जाको फेदीखोला गाउँपालिकाले आफ्नै भवनबाट प्रशासकीय काम थालेको छ। जिल्लाकै कान्छो पालिकाका रुपमा चिनिएको फेदीखोला गाउँपालिका स्थापना भएको ९ वर्षपछि आफ्नै भवनबाट प्रशासकीय काम थालेको हो।

भवन निर्माणको सम्झौताअनुरूप दुई वर्षमा सक्नुपर्ने भए पनि भवन निर्माण कार्यले चार वर्षमा पूर्णता पाएपछि पालिकाले आफ्नै भवन प्रयोग गर्न पाएको छ। पालिकाले जेठको दोस्रो हप्तादेखि आफ्नै भवनबाट सेवा दिन थालेको छ। कम्पाउन्डसहित १० रोपनी जग्गामध्ये ३ रोपनीमा भवन निर्माण गरिएको छ।

अन्डरग्राउन्ड पार्किङ्सहित नवनिर्मित भवनका चार तलामा ३५ कोठा छन्। भवनमा अध्यक्ष र उपाध्यक्षको छुट्टाछुट्टै कार्यकक्षसहित सचिवालय, न्यायिक समिति, प्रशासकीय प्रमुखका साथै विषयगत शाखाका छुट्टाछुट्टै कार्यकक्षको व्यवस्था गरिएको गाउँपालिकाले जनाएको छ। पालिकाको नवनिर्मित भवनमा दुईवटा हल, लिफ्ट, १९ वटा शौचालय र एउटा अपाङ्गमैत्री शौचालयसमेत बनाइएको छ। जिल्लामै बनेका पालिकाका भवनमध्ये लिफ्टसहितको भवन फेदीखोलाको पहिलो हो।

पाँच नगरपालिका र ६ गाउँपालिका रहेको स्याङ्जा जिल्लामा फेदीखोला गाउँपालिकाको भवन नै अन्तिममा निर्माण सम्पन्न भएको छ। संघीयता लागु हुनुपूर्व तीन नगरपालिका पुतलीबजार, वालिङ र चापाकोटले पहिल्यै बनेका भवन प्रयोग गरेका छन् भने संघीयतासँगै बनेका दुई नगरपालिका र पाँच गाउँपालिकाले यसअघिनै भवन निर्माण गरिसकेका छन्।

संघीय सरकार स्थानीय पूर्वाधार कार्यालय र फेदीखोला गाउँपालिकाको ६०/४० प्रतिशत लागतमा ८ करोड ५२ लाख २९ हजार रुपैयाँमा भवन निर्माण गरेको प्रमुख प्रशासकीय अधिकृत विष्णुप्रसाद पौडेलले बताए। उनका अनुसार किराँतेश्वर कन्स्ट्रक्सन कम्पनी काठमाडौंले दुई वर्षमा सक्ने गरेर २०७७ मा भवन निर्माणको सम्झौता भएको थियो। दुईपटक म्याद थपेर दुई वर्ष म्याद गुजारेर भवन निर्माण सकेको अधिकृत पौडेलले बताए।

पालिका अध्यक्ष घनश्याम सुवेदीका अनुसार निर्माण सकिए पनि निर्माण कम्पनीले एक करोड ३४ लाख ६१ हजार ८ सय ९० रुपैयाँ भुक्तानी लिन बाँकी छ। पालिकाले आफ्नै भवनबाट सेवा दिन थाले पनि निर्माण कम्पनीले हस्तान्तरण भने गरेको छैन। गाउँपालिकाले हालसम्म साविक फेदीखोला गाविसको भवन मर्मत गरेर कार्यालय र शाखाहरु सञ्चालन गर्दै आएको थियो।

# दुईदिने चित्रकला कार्यशाला समापन



रुपन्देही । रुपन्देहीको पर्यटकीय क्षेत्र गजेडीतालमा कलाकारहरूले क्यानभासमा थरिथरिका चित्र उतारेका छन्। रुपन्देही आसपास र काठमाडौंबाट आएका २० जना कलाकारहरूले कञ्चन गाउँपालिका वरपर भएका धार्मिक, पर्यटकीय स्थल र सांस्कृतिक एवम् प्राकृतिक सम्पदाको चित्र बनाएका हुन्।

कञ्चन गाउँपालिका रुपन्देहीको आयोजनामा वडा नम्बर-१ स्थित दानापुरमा रहेको गजेडी तालमा कलाकारहरूले जीवन्त तस्विर क्यान भासमा उतारे। शुक्रबार र शनिबार २ दिन आयोजित चित्रकला कार्यशालामा बनेका चित्रहरूले जो कोही मोहित हुन्थेँ। चित्रकला कार्यशाला समापनमा पुगेका गाउँपालिकाका अध्यक्ष नवराज ढकालले चित्रकला प्रदर्शनीले लोभ्याएको बताए।

'सबैजसो क्षेत्रका पहिचान दिलाउने खालका चित्र बनेका रहेछन्,' अध्यक्ष ढकालले भने -'कञ्चन गाउँपालिकाको जीवन्तता देखियो।' वर्तमानलाई भविष्यसँग जोड्न सक्ने कलाकार र कलामा राज्यको नजर पुग्न नसकेको बताउँदै अध्यक्ष ढकालले कला र संस्कृतिमा राज्यको नजर पुग्नुपर्ने बताए। कन्चनको समग्र रीतिरिवाज र चित्रकलाले देखाउन नसकेका कैयौं कुराहरूलाई चित्रकलामा उतारिएकाले अब यसलाई कला घरको रूपमा विकास गर्नु पर्ने जनाए।

कार्यक्रममा बोल्दै गाउँपालिकाका उपाध्यक्ष मौसमी थापा मगरले चित्रकलामार्फत् कञ्चनको पहिचान र यस क्षेत्रको प्रवर्धनका लागि ठूलो योगदान पुऱ्याएकोले आगामी दिनमा यसलाई अझैं परिष्कृत गर्दै लैजाने बताइन्।

कञ्चनको प्राकृतिक क्षेत्रको विश्वसामु पुऱ्याउने उद्देश्यले गरिएको चित्रकला कार्यशालामा रहेका कलाकारहरूलाई धन्यवाद दिँदै उनले अझ ठूलो रूपमा कञ्चनको पहिचान हुने गरी कार्यक्रम अगाडि बढाइने उपाध्यक्ष थापाले जनाइन्।

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत माधवप्रसाद पोखेलले नेपालको हरेक पालिकाहरूमा आ-आफ्नै पहिचान भएकोले कञ्चनमा पनि पर्यटक भित्र्याउने विभिन्न क्षेत्र रहेकोले यसको प्रवर्धनमा सबैको सहयोग हुनुपर्ने र गाउँपालिकाले समेत प्रवर्धनका लागि कार्यशाला गरेको बताए। कार्यशालाले समग्र कञ्चनको पहिचान यहाँको पर्यटकीय क्षेत्रको उजागर गर्दै आयआर्जनसँग यस क्षेत्रका गाउँवासीहरूमा समेत सहकार्य गर्ने उनले जनाए।

कार्यशालाको लागि प्राविधिक सहयोग नेपाल व्यावसायिक कलाकार सङ्घ र नेपाल ललितकला प्रतिष्ठानले गरेको थियो। नेपाल व्यावसायिक कलाकार सङ्घका प्राज्ञ एचबी रम्तेलले पर्यटकीय क्षेत्रलाई कलाको माध्यमबाट देशबिदेशमा चिनाउन यस्ता कार्यक्रमले कला ग्यालरीको रूपमा बिस्तार गर्दै लैजाने बताए। 'कला मृत्युपछिको जीवन हो' भन्दै थापाले पुराना कलाले हाम्रा पुस्ताको वर्तमान, आज बुझ्ने अवसर मिलेको प्राज्ञ रम्तेलले बताए। रम्तेलले कन्चनमा उल्लेख्य कार्यक्रम भएको बताउँदै आयोजकप्रति धन्यवाद ज्ञापन गरे।

कार्यक्रमको समापन समारोहमा कलाकारहरूले बनाएका चित्रकला क्यानभासलाई गाउँपालिकाका अध्यक्ष तथा उपाध्यक्षलाई हस्तान्तरण गरिएको थियो भने कलाकारहरूलाई समेत गाउँपालिकाले सम्मान पत्रसहित सम्मान गरेको थियो।

रुपन्देहीको बुटवलदेखि करिब १७ किलोमिटर पश्चिम र साढे ६ किलोमिटर दक्षिणमा रहेको कञ्चन गाउँपालिका वडा नम्बर १ मा रहेको दानापुर ताल अहिले ढकमक्क कमलको फूलले ढाकिएको छ।

यहाँ आन्तरिक तथा बाह्य पर्यटकहरूको दैनिक हजारौं अवलोकन गर्न आएका दानापुर सामुदायिक बनका प्रेमबहादुर थापाले बताएका छन्। १९ हेक्टर मा ताल र जम्मा ९२ हेक्टर क्षेत्रफलमा फैलिएको जङ्गल भित्र रहेको तालमा गर्मी छल्नका लागि टाढा टाढाबाट पर्यटक आउने स्थानीयहरु बताउँछन्।

# लक्ष्मी नारायण मन्दिरलाई ५० हजार सहयोग



**गौरीशंकर जयसवाल**
*परासी*

नवलपरासीको महालक्ष्मी विकास बैंक परासी शाखाले स्थानीय लक्ष्मी नारायण मन्दिरलाई ५० हजार नगद सहयोग गरेको छ।

रामग्राम नगरपालिका ३ स्थित मालटोलमा रहेको २२ वर्ष पुरानो मन्दिरलाई एक कार्यक्रमका बिच आइतबार शाखा प्रबन्धक कृष्णबहादुर गुरुङले मन्दिर व्यवस्थापन समितिका उपाध्यक्ष कृष्णप्रसाद पन्तलाई चेक हस्तान्तरण गरेका हुन्।

बैंकको संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रमअन्तरगत मन्दिर व्यवस्थापनका लागि रकम सहयोग गरिएको गुरुङले बताए। यसअघि पनि बैंकले परासी क्षेत्रका विद्यालय र अस्पताललाई विभिन्न सामग्री उपलब्ध गराएको गुरुङले जानकारी दिए।

कार्यक्रममा बैंकका लुम्बिनी प्रदेश प्रमुख गौतम गुप्ताले बैंकको नाफा कमाउने मात्र उद्देश्य नभई सामाजिक क्षेत्रको विकासमा पनि योगदान दिने लक्ष्य रहेकाले देशभरका शाखाहरुले हरेक वर्ष दुई वटा कार्यक्रममार्फत् सामाजिक क्षेत्रमा सहयोग गर्दै आएको बताए। देशभर बैंकका १०३ शाखा रहेको उनले जानकारी दिए। यसवर्ष बैंकको ३१औं वार्षिकोत्सव पनि रहेकाले लक्ष्मीका मन्दिरहरुमा सहयोग गर्ने कार्यक्रमअनुसार उक्त मन्दिरलाई सहयोग गरिएको उनले बताए। अहिलेसम्म देशभरका ६ वटा लक्ष्मी मन्दिरमा सहयोग गरिएको र यो कार्यक्रम निरन्तर रहने बैंकले जनाएको छ।

बैंकबाट प्राप्त भएको रकमबाट मन्दिर व्यवस्थापनका विभिन्न काममा खर्च गरिने समितिका सचिव गणेश रेग्मीले जानकारी दिए।

# मध्यविन्दु प्रादेशिक अस्पताल सय शैयामा स्तरोन्नति



नवलपरासी । नवलपरासी (बर्दघाट-सुस्तापूर्व)को कावासोती-१६ डण्डास्थित मध्यविन्दु प्रादेशिक अस्पताल एक सय शैयामा स्तरोन्नति भएको छ। जिल्ला अस्पतालका रूपमा १५ शैयाबाट सेवा सुरु गरेको अस्पताल गण्डकी प्रदेशको प्रादेशिक अस्पतालमा परिणत भएसँगै यही जेठ १२ गतेबाट एक सय शैयामा स्तरोन्नति भएको शनिबार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइयो।

अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा.रमेश आचार्यका अनुसार गण्डकी प्रदेशको मन्त्रिपरिषद् निर्णयबाट सय शैयामा स्तरोन्नति भएको अस्पतालको दरबन्दी, जनशक्ति र पूर्वाधार गण्डकी प्रदेश सरकारबाट थप हुँदै जाने सहमति भएको छ। अहिले अस्पतालमा ९९ जनाको दरबन्दी रहेको भन्दै आचार्यले आगामी चार वर्षभित्र एक सय शैयालाई आवश्यक पर्ने दरबन्दी थप गर्दै लैजाने सहमति भएको बताए। अस्पतालले सुरुआती अवस्थामा २२ विशेषज्ञ चिकित्सक र १५ मेडिकल अधिकृतको दरबन्दी पुऱ्याउने गरी गण्डकी प्रदेश सरकारसँग सम्झौता गरेको भन्दै डा.आचार्यले सुरुआती अवस्थामा अप्राविधिक जनशक्ति स्थानीय स्रोतसाधनबाट राखिने जानकारी दिए।

अस्पतालमा अहिले फिजिसियन, नाक, कान, घाँटी, आँखालगायतका विभागमा चिकित्सकको दरबन्दी रहेको भन्दै केही दिनमा छालाका चिकित्सकको दरबन्दी कायम गराउने उनले बताए। अस्पतालमा आइसीयू तथा एनेस्थेसिया विभाग नभएको भन्दै यी सुविधा थप गरिएको अवस्थामा बिरामी भएर भरतपुर जानुपर्ने अवस्थाको अन्त्य हुने डा. आचार्यले जनाए।

अस्पतालले तीनवटा अत्याधुनिक मोडुरल अपरेसन थिएटर निर्माण गरेको भए पनि विद्युत् आपूर्तिमा समस्या भएका कारण सञ्चालनमा ल्याउन नसकिएको उनले बताए।

अस्पतालका व्यवस्थापन समिति अध्यक्ष बालकृष्ण घिमिरेले अस्पतालमा ट्रमा युनिट थप गर्ने तयारी भइरहेको जनाए। अस्पतालको नयाँ भवन निर्माणाधीन अवस्थामा रहेको भन्दै यही असार मसान्तसम्म भवन निर्माण सम्पन्न गरी नयाँ भवनबाट सबै सेवासुविधा प्रवाह गर्ने तयारी भइरहेको घिमिरेले जानकारी दिए। अस्पतालले दुई सिफ्टमा डायलायसिस सेवा प्रदान गरिरहेको भन्दै एक सिफ्ट थप गरेर बिरामीलाई सहज रूपमा डायलायसिस सेवा प्रदान गर्नेगरी काम अगाडि बढिरहेको अध्यक्ष घिमिरेको भनाइ छ।

अस्पताल सञ्चालनमा रहेको ठाउँको जमिन वनको नाममा रहेको भन्दै उनले त्यस जग्गालाई अस्पतालको नाममा ल्याउनेगरी काम भइरहेको बताए। वन मन्त्रालयमा गएर फाइल रोकिएको भन्दै अस्पताल फैलिएको १० दशमलव ५९ हेक्टर क्षेत्रफलमध्ये सुरुमा दुई दशमलव दुई हेक्टर क्षेत्रफल अस्पतालका नाममा ल्याउनेगरी काम भइरहेको अध्यक्ष घिमिरेले जनाए। अस्पतालको दीर्घकालीन योजना सुनाउँदै घिमिरेले आफ्नै रक्तसञ्चार केन्द्र, पालिकामा स्वास्थ्य शिविर, शैक्षिक कार्यक्रम सञ्चालन गर्ने तयारी रहेको उनले बताए।


## आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !

**आइडिया डिजाइनर्स/अफसेट प्रेस**

सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com



## चट्याङ्बाट बचौं र बचाऔं

आकाशमा बिजुली चम्कदा र गडयाङ्गगुङ्ग हुँदा
-घरभित्रै बसौं।
-रुख वा बिजुलीको पोलमुनि नबसौं।
-पौडी खेल्ने, डुंङ्गा चलाउने तथा खेतबारीमा काम नगरौं।
-सुरक्षित ओतमा नपुग्दै चट्याङ्ग परे दुवै हातलाई टाउकोमाथि राखी निहुरिएर बसौं।
-टेलिफोन, मोबाइल, टेलिभिजन, चार्जर, कम्प्युटर, फ्रिजजस्ता विद्युतीय उपकरणको प्रयोग नगरौं।
-झ्याल, भऱ्याङ, बुइगल, बरण्डाको ग्रील बारलगायतका धातुजन्य वस्तु नछोऔं
चट्याङ्ग लागेमा तुरुन्तै नजिकैको स्वास्थ्य संस्थामा लैजाऔं।

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल


सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com